अनुसूची-१६

(दफा ३३ को उपदफा(२) संग सम्बन्धित)

## श्री ज्योति सामुदायिक वन उपभोक्ता समूह

माण्डवी गाउँपालिका वडा नं. ४ प्यूठान

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना — प०१ ९८

## प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०२।२१

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजनाअनुसार कटान मुछान गरि उत्पादन भएका सामुदायिक वनको चकचके उपल्लो धारा घाटगद्दी स्थलमा घाटगगद्दी गरी राखेको तपसिल बमोजिमका वन पैदावारहरु श्री डिभिजन वन कार्यालय प्यूठानको च.नं. १३४७, मिती २०८३।०२।११ गतेको लिलाम सहमती प्राप्त भएकोले जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका उद्यमी/ काष्ठको कारोवार गर्ने सूचिकृत फर्महरुले यो सूचना मिति २०८३/०२/२१ गते नयाँ युगवोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**१.** लिलाम सम्बन्धि वन पैदावारको विवरण

| लट नं. | प्रजाति | ग्रेड | गोलिया थान | ईकाई | परिमाण घ फि | प्रति ईकाई दर रु | जम्मा मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १(०८२/०८३) | खयर | | ३७५ | (घ.फि.) | ३६७।२५ | १०००। | ३६७०२५०। | संकलन खर्च थप लाग्ने छ। |
| कुल जम्मा | | | | | | | ३६७०२५०। | |

२. बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति २०८३/०३/१० गते कार्यालय समयभित्र

३. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम समय र मिति

क) अन्तिम मिति २०८३/०३/११ गते    ख) समयः दिनको १.०० बजे

४. वोलपत्र मिति २०८३/०३/११ दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

५. वोलपत्रसाथ कवुल गरेको रकमको १०% (प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको वन उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको यस समूहको खाता नं. ०५२००१००७५२१४००००००१ (JYOTI SAMUDAYIK BAN. U. SHA. ) मा दाखिला गरेको नगद जम्मा गरेको सक्कल बैंक भौचर समावेश भएको हुनुपर्नेछ वा बैंक ग्यारेन्टी समावेश गर्न सकिनेछ। अन्यथा वोलपत्र मूल्याँकनमा समावेश गरिने छैन।

६. सकारकर्ताले सकार रकममा संकलन खर्च वोलपत्रमा उल्लेख भए वमोजिम थप वुझाउनु पर्नेछ।

७. बोलपत्र फारम प्रति लट को रु १००० पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय प्यूठानबाट खरिद गर्न सकिनेछ।

८. वोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोवारको पान/भ्याट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नायाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा बोलपत्र साथ पेश गर्नु पर्नेछ।

अनुसूची-१६

(दफा ३३ को उपदफा(२) संग सम्बन्धित)

## श्री ज्योति सामुदायिक वन उपभोक्ता समूह

माण्डवी गाउँपालिका वडा नं.-५, प्यूठान

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

९. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालवस्तु जे जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्नेछ।

१०. रित पूर्वक पर्न आएका, दाखिला भएका बोलपत्रहरू यस उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय, स्थानीय तह तथा अन्य सरकारी कार्यालयको रोहवरमा खोलिने छ। बोलपत्र खोलिने दिन सकार कर्ताहरू उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन।

११. खोलिएका वोलपत्रहरु नियम अनुसार मूल्याँकन गरी लिलाम स्वीकृत भई डिभिजन वन कार्यालय प्यूठानबाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कार तथा संकलन खर्च १० दिन भित्र दाखिला गरी माल वस्तु उठाई लैजानु पर्ने छ अन्यथा नियम अनुसार हुनेछ।

१२. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१३. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहलाई हुनेछ।

१४. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

*नोटः- वोलपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट दाखिला र खोलिनेछ।*



**साइकल र्‍याली** : विश्व साइकल दिवसको अवसरमा घोराही साइकल सिटी परिवारको आयोजनामा बुधबार बिहान घोराही बजार परिक्रमा गर्दै साइक्लिस्टहरू । स्वस्थ जीवनशैलीका लागि नियमित साइकल प्रयोगप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले र्‍याली आयोजना गरिएको आयोजकले जनाएको छ ।

*तस्बिर : कुलदीप न्यौपाने*

## खानेले....

मानेनन् ।' पहिले भारतबाट आउने त्यहाँका स्थानीय जातका तरबुजाका बिउ रोपिरहेका किसानले ताइवानी तरबुजा रोप्न थालेपछि खानेले नै मन पराउन थालेको र माग अनुसार सरस्वती, आहाना, दिब्या, कृषालगायतका जात छानी-छानी रोप्न थालेको विगत दुई वर्षदेखि खेती गर्दै आउनुभएका रुद्रनारायण चौधरीले बताउनुभयो । 'ब्यापारीले भाउ नै नदिने निकै सस्तोमा बेच्नुपर्ने, खानलाई पनि त्यति रसिलो नहुने, रोग किराको संक्रमण धेरै हुने'- उहाँ भन्नुहुन्छ- 'किसानको माग अनुसार नै ताइवानी ननयुका बिउहरु नै खेती गर्न लागिएको छ ।' यस वर्ष लमहीको सतबरियामा १० विगाह क्षेत्रफलमा विभिन्न सात जातका तरबुजाको खेती गर्नुभएका घोराही रामपुरका शेरबहादुर चौधरीले अर्कोवर्ष सरस्वती, आहाना र कृषा मात्रै रोप्ने बताउनुहुन्छ । 'खान मिठो, साइज राम्रो, ब्यापारीले पनि धेरै खोज्ने तीन जात भेटाएँ मैले'- उहाँ भन्नुहुन्छ- 'ननयुका ताईवानी तरबुजा सबै मीठा छन् तर देउखुरीमा सरस्वती, आहाना र कृषा नै राम्रो मानें मैले ।'

**बगर हुँदै बारीमा, आकर्षण मल्चिङमा**

वर्षौंदेखि बगरमा खाल्डा बनाएर तरबुजा लगाउँदै आउनुभएका लमही नगरपालिका-४ सेमरहवाका कृष्ण चौधरीले पाँच विगाह क्षेत्रफलमा यस वर्ष बगरमै मल्चिङमा तरबुजा लगाउनुभयो । उत्पादन छिटो, झारको समस्या नहुने र फलको राम्रो तौल पाएपछि अर्को वर्षदेखि मल्चिङमै ताईवानी तरीकाले तरबुजा लगाउने बताउनुहुन्छ । 'पोहोर परारको भन्दा यस वर्ष साइज राम्रो भयो । जात मिठो भएकोले पनि मूल्य अन्यभन्दा राम्रो पाइयो'- उहाँले भन्नुभयो- 'अर्को वर्ष त म सबै मल्चिङमै लगाउँछु । यस वर्ष विचार भयो, अर्को वर्ष सबै मल्चिङमै खेती गर्छु ।' घोराही उपमहानगरपालिका-५ धर्नाका नीमबहादुर महराले गत वर्ष बारीमा दुई पोका (२० ग्राम) सरस्वती जातको तरबुजा लगाउनुभयो । बगरमा मात्रै तरबुजा हुन्छ बारीमा फल्दैन भन्ने भ्रम तब हट्यो जब उहाँको बारीमा धेरै राम्रै फल्यो । यस वर्ष एक विगाह बारीमा सरस्वती, आहाना, दिब्या र अञ्जुली (बाहिर पहेंलो भित्र रातो हुने) जात लगाउनुभएको बजार बेच्न लैजान पनि परेन । बारीमै खोसाखोस भयो । 'ब्यापारी गाडी लिएर बारीमै आएर लगेर सिध्याए'- उहाँ भन्नुहुन्छ- 'पहिले तरकारी खेती गर्दा गाउँमै बेचेर सिध्याउँथें । यस वर्ष त बारीबाटै उठ्यो ।' बिउ मात्रै नभएर बेर्ना समेत बनाएर तरबुजाको बेर्ना बेचिएको छ । 'सरस्वती जातको बेर्ना लिन धेरै आउनुभयो । यस वर्षदेखि तरबुजाको बेर्ना पनि किन्ने बढ्नुभएको छ'- गढवाको हडैयाका वीरेन्द्र शाह भन्नुहुन्छ- 'आकर्षण राम्रो छ ।'

**खेतीमा सहकार्य**

लमही-६ ढिकपुरमा १५ विगाह जग्गा भाडामा लिएर तरबुजा खेती गर्नुभएका विश्वप्रकाश अधिकारीले तरबुजामा मल्चिङ र खेती व्यवस्थापन तथा प्रविधि सिकाउने काम पनि गर्नुहुन्छ । बगर खेतीमा राम्रो अनुभव बटुल्नुभएका अधिकारीले यस वर्षदेखि मल्चिङ विधिमा नदी उकास तथा बारीमा पनि तरबुजा फलाउन शुरु गर्नुभयो । 'देउखुरीमा शुरुमा बगरखेतीको शुरुवात नदी छेउँछाउँ बस्ने किसानलाई समेटेर उद्यमशील बहुउद्देश्यीय सरकारी संस्थाले २०६६ सालदेखि शुरु गरेको हो । अहिले पनि बगर खेती भइरहेको छ र निरन्तर बढ्दो क्रममा पनि छ'- उहाँ भन्नुहुन्छ- 'अहिले यसले विकसित रुप लिएर मल्चिङ प्रविधिको माध्यमबाट बगरमा हुने खेती नदी उकास क्षेत्र र बारीमा पनि हुन शुरु भएको छ ।' उहाँले चक्लाबन्दी खेती कार्यक्रमअन्तर्गत ८९ जग्गाधनीको दुई सय ७७ कित्ता जग्गा लिजमा लिएर सहकारी संस्थाको सहयोगमा विशेष गरी विदेशबाट फर्केका १५ युवालाई लागत सहभागितामा जोडी नयाँ प्रविधिबाट तरबुजा खेती शुरु गरिएको जानकारी दिनुभयो । देउखुरीमा तरबुजा बाट मात्रै वार्षिकरुपमा अढाई करोडको कारोबार हुने गरेको उहाँ बताउनुहुन्छ । देउखुरीमा उत्पादित तर्बुजा दाङ जिल्लासहित कपिलवस्तु लगायत लुम्बिनीका तराई र पहाड साथै कर्णालीका पहाडी जिल्लामा जाने गरेको छ । ब्यापारी नै बारीमा आएर उठाउने गरेकाले मार्केटिङमा समस्या नभएको उहाँ बताउनुहुन्छ ।

# एसीसी वुमन्स प्रिमियर कप क्रिकेटमा नेपालको विजयी शुरुवात

**युगबोध समाचारदाता**



काठमाडौं, २० जेठ । नेपाली महिला क्रिकेट टोलीले एसीसी वुमन्स प्रिमियर कप क्रिकेटमा विजयी शुरुवात गरेको छ ।

मलेसियामा भइरहेको प्रतियोगितामा नेपालले बुधबार क्वालालम्पुरको कोलेज टुएन्कु जाफर ओभलमा कतारलाई ८ विकेटले पराजित गरेको हो । नेपालले टस जितेपछि ब्याटिङको निम्तो पाएको कतार १६.५ ओभरमा ७६ रनमा अलआउट भयो । रुविना क्षेत्रीले ३ विकेट लिएपछि कतार धरायसी भएको थियो । पूर्वकप्तान रुविनाले ३.५ ओभरमा ८ रनमात्र खर्चेर उत्कृष्ट बलिङ गरेकी थिइन् । कविता कुँवरले ३ ओभरमा ९, रिया शर्माले ३ ओभरमा ६ र पुजा महतोले २ ओभरमा २१ रन खर्चेर १-१ विकेट लिइन् । नेपालले कतारका चार ब्याटरलाई रनआउट गरेको थियो ।

नेपालले १०.५ ओभरमै लक्ष्य पुरा गरेको थियो । सम्झना खड्का ३ रनमै आउट भए पनि अर्की ओपनर विन्दु रावलले सर्वाधिक ३३ रन बनाइन् । उनले ३० बल खेली ४ चौका प्रहार गरिन् । उपकप्तान पूजा महतो २८ र कप्तान इन्दु बर्मा ६ रन बनाई अविजित रहिन् । पूजाले २६ बल खेली ४ चौका र इन्दुले ६ बल खेली १ चौका प्रहार गरेकी थिइन् । समूह 'डी' मा नेपाल र कतारसँगै हङकङ र भुटान रहेका छन् । नेपालले बिहीबार भुटानसँग खेल्ने छ । समूह 'ए' मा थाइल्यान्ड, बहराइन, मंगोलिया, म्यानमार, समूह 'बी' मा चीन, ओमान, साउदी अरेबिया, युएई तथा समूह 'सी' मा मलेसिया, सिंगापुर, इन्डोनेसिया र कुवेत रहेका छन् ।

मलेसियामै आइतबार सम्पन्न एसियाली खेलकूदमा छनोटको शीर्ष तीनमा पर्न नसकेपछि नेपाल आउँदो एसियन गेम्समा छनोट असफल भएको थियो । सेमिफाइनलमा मलेसियासँगै २ विकेटले पराजित नेपाललाई तेस्रो स्थानको खेलमा चीनले ५ विकेटले पराजित गरेको थियो । चीनसँग नेपालले तेस्रो पटक पराजय भोगेको थियो ।

## लुम्बिनीमा....

मन्त्रालयको संख्या घटाएर आठ कायम गर्ने निर्णय गरिसकेको छ । यो विषय सरकारको नीति तथा कार्यक्रममा पनि समावेश गरिएको छ । यता नेपाली कांग्रेसले भने पूर्व सहमति अनुसार सरकारको नेतृत्व कांग्रेसले पाउनुपर्ने अडान दोहोऱ्याएको छ ।

कांग्रेसका प्रमुख सचेतक जमुना ढकालले नेतृत्व हस्तान्तरणसहित मन्त्रिपरिषद् पुनर्गठन हुनुपर्ने बताउनुभयो । 'केन्द्रमा जुन भद्र सहमति भएको थियो, सोही आधारमा लुम्बिनी प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार गठन हुनुपर्दछ'- उहाँले भन्नुभयो- 'कांग्रेसको नेतृत्वमा सरकार गठन हुनुपर्छ भन्ने बारेमा हामीले संसदीय दलको बैठकबाट समेत निर्णय गरिसकेका छौं । यो बजेट निर्माणको बीचको समयमा आएर मन्त्री हेरफेर गर्ने बारेमा कांग्रेसले नगर्ने भन्ने निर्णय गरेको छ ।' कांग्रेसले पूर्वसहमति अनुसार नेतृत्वसहित सरकार परिवर्तन गर्ने अडान लिदै आएको छ । जेठको पहिलो साता नै मन्त्री फेर्ने प्रयास भए पनि कांग्रेस संसदीय दलले मुख्यमन्त्रीसहित एकैसाथ सरकार पुनर्गठन गर्ने भनेपछि मन्त्री फेर्ने विषय लम्बिएको थियो । तर, एमालेका मन्त्रीले राजीनामा गरेपछि कांग्रेसबाट मन्त्री बनेकाहरूलाई पनि दबाब बढेको छ । कांग्रेस भित्र पनि मन्त्री बन्ने पर्खाइमा रहेकाहरूले मन्त्रीलाई दबाब सिर्जना गर्न थालेका छन् ।

**नयाँ मन्त्रीको पर्खाइ**

मुख्यमन्त्री चेतनारायण आचार्यले चारैजना मन्त्रीको राजीनामा स्वीकृत गर्दै नयाँ मन्त्री नियुक्तिको प्रक्रिया अघि बढाउनुभएको छ । स्रोतका अनुसार नयाँ मन्त्रीका लागि बाँकेका रत्नबहादुर खत्री, गुल्मीका डिल्लीराज भुसाल, अर्घाखाँचीका रामजी घिमिरे र रुपन्देहीका तुलसीप्रसाद चौधरी बन्ने चर्चा छ । मन्त्रीहरूको राजीनामा स्वीकृत भए पनि नयाँ मन्त्रीको सिफारिस र शपथ भने शुक्रबार अघि नहुने भएको छ । प्रदेश प्रमुख कृष्णबहादुर घर्ती मगर लुम्बिनी प्रदेश बाहिर रहेकाले तत्काल नयाँ मन्त्रीको शपथ नहुने भएको हो । कांग्रेसबाट शहरी विकास तथा खानेपानी मन्त्री सरोज थापा (रोज राणा), आर्थिक मामिला तथा योजना मन्त्री धनेश्वर कार्की, उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री प्रचण्डविक्रम न्यौपाने, वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवार हुनुहुन्छ । अन्य साना राजनीतिक दलबाट आन्तरिक मामिला तथा कानुन मन्त्री आदेशकुमार अग्रवाल र युवा तथा खेलकूद मन्त्री सन्तोषकुमार पाण्डे रहनुभएको छ ।

# कर्मचारीको १७ सालदेखिको तलबी विवरण अनलाइनमा

काठमाडौं, २० जेठ (युस)- सरकारले बहालवाला र निवृत्त उपसचिव वा सोभन्दा माथिका कर्मचारीहरुको सम्पत्ति छानबिन शुरु भएपछि बढेको चापलाई व्यवस्थापन गर्न राष्ट्रिय किताबखाना (निजामती) ले सम्पूर्ण विवरण अनलाइनमार्फत् उपलब्ध गराउन शुरु गरेको छ ।

सम्पत्ति छानबिन आयोगबाट प्रकाशित सूचनाका कारण राष्ट्रिय किताबखानामा सेवाग्राहीको चाप अत्यधिक बढेपछि विभागले अनलाइन र डिजिटल माध्यमबाटै सेवा दिन थालेको हो । राष्ट्रिय किताबखाना (निजामती) का महानिर्देशक श्रवणकुमार पोखेलले सेवाग्राहीको सहजताका लागि 'डिजिटल डकुमेन्ट एक्सेस सर्भिस' शुरुवात भइसकेको जानकारी दिनुभयो । उहाँका अनुसार कर्मचारीहरुको तलबी आम्दानीको निस्सा अनलाइनमै उपलब्ध छ । यस्तै किताबखानाको वेबसाइटको होम पेजमा २०१७ सालदेखिको पद, तलब स्केल र ग्रेडको पूर्ण विवरण र 'तलब र ग्रेड सिट' शीर्षकमा राखिएको छ ।

साथै गणना क्याल्कुलेटर पनि राखिएकाले त्यसबाट लाभ लिन सकिन्छ । बहालवाला तथा निवृत्त उपसचिव वा सोभन्दा माथिल्लो तहका कर्मचारीहरूले आफ्नो तलवी आम्दानीको निस्सा (विवरण) लिन विभाग आउने क्रम बढेपछि विभागले आफ्ना सेवाहरू पूर्णरूपमा 'फेसलेस' बनाएको जनाएको छ । त्यसैले अब कर्मचारीहरु आफ्नो विवरण लिन कार्यालय धाइराख्नु पर्दैन ।

# थन्किएका पाँचवटा डायलासिस मेसिन मर्मतपछि सञ्चालनमा

काठमाडौं, २० जेठ (युस)- राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बिग्रिएर वर्षौंसम्म थन्किएका पाँचवटा डायलासिस मेसिन मर्मतपछि पुनः सञ्चालनमा ल्याइएको छ ।

मेसिन बिग्रिदा मिर्गौला रोगका बिरामीले लामो समयदेखि समस्या भोग्दै आएका थिए । थोरै मेसिनबाट सेवा लिनुपर्दा बिरामीले लामो समय पालो कुर्नुपर्ने बाध्यता थियो । पोखराबाट हेमो डायलासिस सम्बन्धी प्राविधिक टोली ल्याएर मर्मत गरिएको प्रतिष्ठानका प्रमुख डा. सुरेश रसाइलीले जानकारी दिनुभयो । मेसिन बनेपछि बिरामी थप लाभान्वित भएका छन् । पाँचवटा मेसिन बनेपछि इमर्जेन्सीमा डायलासिस गराउँदै आएका २२ जना बिरामी घटेर तीनजनामा पुगेको डा. रसाइलीले जानकारी दिनुभयो । मेसिन बनेपछि दैनिक थप ११ जना मिर्गौलाका बिरामीले सेवा लिइरहेका छन् । हाल प्रतिष्ठानमा १५ वटा हेमोडायलासिस मेसिन सञ्चालनमा छन् । उक्त सेवा प्रभावकारी बनाउन प्रतिष्ठानले नर्सिङ इन्चार्जसहित १८ जनालाई तालिम दिएको छ ।

# दलित पत्रकार संघको अध्यक्षमा बराइली

काठमाडौं, २० जेठ (युस)- राष्ट्रिय दलित पत्रकार संघ नेपालको अध्यक्षमा रेडियो धनकुटाका व्यवस्थापक गोपाल बराइली निर्वाचित हुनुभएको छ ।

राजधानीमा सम्पन्न दोस्रो महाधिवेशनबाट बराइलीको नेतृत्वमा ४५ सदस्यीय कार्यसमिति निर्वाचित भएको हो । संघको वरिष्ठ उपाध्यक्षमा गोरखापत्रका लक्ष्मण दर्नाल, खुला उपाध्यक्षमा विनोद परियार (रेडियो जागरण), महिला उपाध्यक्षमा सावित्री रसाइली (नेपाल टेलिभिजन), कोशी प्रदेश उपाध्यक्षमा सरिता बराइली (रेडियो नेपाल), मधेश प्रदेशबाट भोला पासवान (अवलोकृत डटकम) र बागमती प्रदेशबाट सुशील दर्नाल (रासस) निर्वाचित हुनुभएको छ ।

यसैगरी नरभूपाल विक (गण्डकी प्रदेश), मानसिंह विक (लुम्बिनी प्रदेश), टेकेन्द्र रसाइली (कर्णाली प्रदेश) र प्रेम विक (सुदूरपश्चिम प्रदेश) तथा समावेशी उपाध्यक्षमा भीमबहादुर गन्धर्व निर्वाचित हुनुभएको छ । महासचिवमा करन ताम्राकार, सचिवमा चिन्ता परिवार, राजेशकुमार पासवान, सुनिता नेपाली, वसन्त विश्वकर्मा र कोषाध्यक्षमा सञ्जय सौगातसहित ३५ सदस्यीय कार्यसमिति निर्वाचित गरिएको छ । ४५ सदस्यीय कार्यसमितिमा १० जना पछि मनोनीत गरिने नवनिर्वाचित अध्यक्ष बराइलीले बताउनुभयो ।

# दाङकी गरिमालाई स्वर्ण

घोराही, २० जेठ (युस)- दाङकी गरिमा चौधरीले १६ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत छात्रातर्फको १०० मिटर दौडमा स्वर्णपदक जितेकी छन् ।

काठमाडौंस्थित दशरथ रंगशालामा बुधबारदेखि शुरु भएको राष्ट्रियस्तरको उक्त प्रतियोगितामा लुम्बिनी प्रदेशको प्रतिनिधित्व गर्दै चौधरीले पहिलो स्थान हासिल गरेकी हुन् । सातै प्रदेशबाट सहभागी भएका खेलाडीहरूलाई पछि पार्दै उनले स्वर्ण पदक जितेकी हुन् । घोराही उपमहानगरपालिका-१७ निवासी गरिमा घोराहीस्थित गुरुकुल एकेडेमीमा अध्ययनरत छिन् ।

## जातीय....

अर्को गैरदलित समुदायका लागि ! आजको युगमा योभन्दा बिडम्बनाको कुरा अरु केही हुन सक्छ ? यो त खुल्लमखुला छुवाछुत तथा जातीय विभेद भएन र ? यो कानुनी लचकता हो कि, चेतनाको अभाव ?' यो दृष्टान्तले समुदायमा अझै पनि कुन तहसम्म जातीय विभेद छ भन्ने प्रष्ट पारेको कार्यक्रमका प्रशिक्षक दलित अधिकारकर्मी खेमराज विश्वकर्माले बताउनुभयो ।

विगतमा राज्यले नै जातीयताका आधारमा भेदभाव गर्ने अवस्था थियो, त्यसको उन्मूलन भइसकेको छ भने समाजमा पूर्णरुपमा उन्मूलन नभएको अवस्था छ । त्यसलाई निरन्तररुपमा नागरिकहरुलाई सचेतना दिने तथा यस्ता विकृतिहरुलाई बढावा दिन खोज्नेहरुलाई खबरदारी गर्दै समाजबाट पनि छुवाछुत तथा जातीय विभेदलगायतका प्रथा परम्पराहरुलाई निमूल गर्नुपर्ने दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले बताउनुभयो । उहाँले भन्नुभयो- 'छुवाछुत तथा जातीय विभेद भनेको अमानवीय, असामाजिक व्यवहार हो । यद्यपि समाजमा यो विभेद अभ्यासमै छ । यो दिवसले समाजका त्यस्ता व्यक्तिको मनमा सुसुप्तरुपमा रहेको विभेदको भावनालाई मेटाउने सकारात्मक सन्देश दिने गर्छ ।' समाजमा अहिले पनि छुवाछुत तथा जातीय विभेद भएको घटनाहरु बाहिरिरहन्छन् तर लुम्बिनी प्रदेश प्रहरी कार्यालयको गत ६ महिनायताको तथ्यांक हेर्दा छुवाछुत तथा जातीय विभेदका घटना दर्ता भएका छैनन् भने प्रहरीले आफ्ना नियमित कार्यक्रमअन्तर्गत छुवाछुत तथा जातीय विभेदबिरुद्ध सचेतना कार्यक्रमहरु गर्दै आएको तथ्यांकमा उल्लेख छ । जसअन्तर्गत गत मंसिर महिनामा १९ वटा कार्यक्रममार्फत ४ सय ७१ जनालाई, पुस महिनामा १६ कार्यक्रममार्फत ३ सय ६९ जनालाई, फागुन महिनामा ३ वटा कार्यक्रममार्फत ६३ जनालाई, चैत महिनामा १० वटा कार्यक्रममार्फत १ सय ८८ जनालाई तथा वैशाख महिनामा ११ कार्यक्रममार्फत १ सय ९७ जनालाई सचेतना दिइएको तथ्यांकमा उल्लेख छ ।

## न्यायपालिकालाई....

प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र थप जनउत्तरदायी बनाउन सके आम नागरिकको विश्वास आर्जन गर्न सकिने धारणा व्यक्त गर्नुभयो । उहाँले न्यायिक सुधारका योजना कार्यान्वयन गर्ने कार्यमा प्रधानन्यायाधीशको नेतृत्वदायी भूमिका हुने भए पनि न्यायाधीश तथा कर्मचारीहरूको समन्वनात्मक सहकार्यबाट मात्रै न्यायालयको सुधार र सुदृढीकरण सम्भव हुने बताउनुभयो ।


## जलजला डिष्टिलरी प्रा.लि. धर्ना- ५ दाङको
## मूल्य सूची सम्बन्धी सूचना !

यस उद्योगबाट उत्पादित निम्न मदिराहरु मिति २०८३।०२।२१ गतेदेखि नेपालभरिका लागि अर्को सूचना प्रकाशित नभएसम्म लागु हुने गरी तल उल्लेखित विवरण अनुसार बिक्री वितरण गरिने हुँदा सबैको जानकारीको लागि **नयाँ युगबोध राष्ट्रिय दैनिक** पत्रिकामा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | यु.पि. शक्ति | मि.लि. | क्षेत्रीय वितरक मूल्य | क्षेत्रीय वितरक कमिशन | वितरक मूल्य | वितरक कमिशन | थोक बिक्रेता मूल्य | थोक बिक्रेता कमिशन | खुद्रा बिक्रेता मूल्य | खुद्रा बिक्रेता कमिशन | उपभोक्ता मूल्य प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Khushi Deserved Extra Dry, Tictak xxx, Khushi Extra Dry | ५० | १८० | ५८२५.०० | ७५.०० | ५९००.०० | १७५.०० | ६०७५.०० | ३२५.०० | ६४००.०० | ८००.०० | ७२००.०० | १५०.०० |
| Khushi Apple Flavour | ५० | १८० | ५८००.०० | ७५.०० | ५८७५.०० | १७५.०० | ६०५०.०० | ३००.०० | ६३५०.०० | ८५०.०० | ७२००.०० | १५०.०० |
| Khushi xxx Premium, P.K.Extra Dry | ५० | १८० | ५८००.०० | ७५.०० | ५८७५.०० | १७५.०० | ६०५०.०० | ३००.०० | ६३५०.०० | ८५०.०० | ७२००.०० | १५०.०० |
| Jaljala TicTak | ७० | ३०० | १६५०.०० | ५०.०० | १७००.०० | ८०.०० | १७८०.०० | १२०.०० | १९००.०० | ६५०.०० | २५५०.०० | ८५.०० |
| DUKHA SUKHA PREMIUM GRAIN, Jaljala Special, 3G Extra Dry | ७० | ३०० | १३००.०० | ३०.०० | १३३०.०० | ५५.०० | १३८५.०० | ८५.०० | १४७०.०० | ६३०.०० | २१००.०० | ७०.०० |
| Rangoli | ७० | ३०० | ११२५.०० | २५.०० | ११५०.०० | ५०.०० | १२००.०० | ९०.०० | १२९०.०० | ४८०.०० | १७७०.०० | ५९.०० |
| My Litchi, My Orange, Jaljala Litchi, Jaljala Orange, My Apple | ७० | ३०० | १११०.०० | २०.०० | ११३०.०० | ५०.०० | ११८०.०० | ७०.०० | १२५०.०० | ४३०.०० | १६८०.०० | ५६.०० |
| Jaljala Saufee | ७० | ३०० | १०९०.०० | २०.०० | १११०.०० | ४०.०० | ११५०.०० | ७०.०० | १२२०.०० | २८०.०० | १५००.०० | ५०.०० |

**नोट** : उपरोक्त मूल्यमा अन्तशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।

यस उद्योगसँग आर्थिक कारोबार गर्दा यस उद्योगको बैंक खातामा मात्र गर्नु गराउनुपर्छ । अन्य तरिकाको आर्थिक कारोबार यस उद्योगलाई मान्य हुने छैन ।



## श्री ज्योति सामुदायिक वन उपभोक्ता समूह

**माण्डवी गाउँपालिका वडा नं. ५, प्युठान**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०२।२१

**यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजना अनुसार कटान मुछान गरी उत्पादन भएका सामुदायिक वनको चकचके उपल्लो धारा घाटगद्दी स्थलमा घाटगद्दी गरी राखेको खयर जातको गोलिया थान ३७५ को ३६७.२५ घ.फि. वन पैदावारहरु श्री डिभिजन वन कार्यालय प्युठानको च.नं. १३४७, मिति २०८३।०२।११ गतेको लिलाम सहमति प्राप्त भएकोले जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी सञ्चालनमा रहेका उद्यमी/काष्ठको कारोवार गर्ने सूचीकृत फर्महरुले यो सूचना मिति २०८३/०२/२१ गते नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।**

**अध्यक्ष**



## श्री गनाहा सामुदायिक वन उपभोक्ता समूह

**सरुमारानी गाउँपालिका वडा नं.-२, प्युठान**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०२।२१

**यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजना अनुसार कटान मुछान गरी उत्पादन भएका डोर्णखोली सामुदायिक वनको तल्लोढाडा भन्ने स्थलको घाटगद्दीमा रहेको साल र अन्य जात समेत गरी गोलिया थान काठ २७९ को १३१४.६२ क्यु.फिट., दाउरा १० चट्टा (साल ६ चट्टा र अन्य/मिश्रित ४ चट्टा) र गनाहा सा.व.उ.स. को हटस्पोट स्थलको घाटगद्दीमा रहेको ढलापडा तथा वरामदी तर्फको जम्मा खयर गोलिया थान ८२६ थानको ८७६.५६ क्यु.फिट. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी सञ्चालनमा रहेका उद्यमी/काष्ठको कारोवार गर्ने सूचीकृत फर्महरुले यो सूचना मिति २०८३/०२/२१ गते नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।**

**अध्यक्ष**


**नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक: ऋषिराज पोखेल**
**मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरु: राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१,** E-mail : yougbodh@gmail.com